# लु.वि.फे. नेपाल

“गरीब तथा पीडितका अधिकारको समर्थनको निम्ति”

न्यूजलेटर | www.lwfnepal.org | वर्ष १ | अंक २ | अक्टोबर २००७


## पूर्वी क्षेत्रमा के हुँदैछन् त?

**लु.वि.फे. नेपालको पूर्वी क्षेत्रीय केन्द्रले यस वर्ष पनि विभिन्न गतिविधिहरु संचालन गरेको छ।**



भुटानी शरणार्थीहरुलाई तयार पारिएको बगैंचा कार्यक्रम

### मे २००७

सामुदायिक सेवा कार्यक्रम अन्तर्गत लु.वि.फे. नेपालले शरणार्थीहरूका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने योजना गरेको छ। उनीहरूले तेस्रो देशमा पुनर्वास गर्ने निर्णय गरे भने त्यो तालिम उनीहरूका लागि उपयोगी हुनेछ र यदि उनीहरू यथास्थितिमै रहे भने पनि यो काम लाग्नेछ। अंग्रेजी भाषाको तालिम, ड्राइभिङ्ग तालिम, फूड क्याटरिङ्ग तालिम र हाउस किपिङ्ग तालिमलगायतका अन्य सूचीमा रहेका तालिमहरू लु.वि.फे. नेपाल/डानचर्चएडको (डीसीए) अनुदानमा संचालित छन्।

चार सन्थाल किसान समूहहरू झापा र मोरङ जिल्लाका दुवागढी र गरामनीमा निरन्तर तरकारी खेतीमा संलग्न छन् र उनीहरूले आफ्नो उत्पादनबाट लाभ लिइरहेका छन्। उनीहरू अहिले थप जमिन लीजमा लिएर तरकारी उत्पादन गर्न इच्छुक छन्। कृषि स्कूलमार्फत् तरकारी उत्पादन गर्न थालेका सन्थाल र झागड समूहहरूले अहिले बजारमा तरकारी बेच्न थालेका छन्। उनीहरू तरकारी खेतीका लागि प्रोत्साहित भएका छन्।

सशक्तीकरणको लागि रेडियो कार्यक्रम “परिवर्तनका पाइलाहरू” का चार भाग मे महिनामा प्रसारण भयो। रेडियो कार्यक्रममा समावेशी लोकतन्त्र, संविधानसभा र आदिवासी समुदाय, सीपमूलक तालिमको प्रभावकारिता र प्रकोपसम्बन्धी सचेतताको महत्वलाई समावेश गरिएको थियो।

पाँच गाविसमा आयोजित पाँचवटा विषयगत अन्तरक्रिया कार्यक्रममा कुल २११ समूह सदस्यहरूले भाग लिएका थिए, जसमा ८८ महिला र १२३ पुरुष थिए। अन्तरक्रियाका लागि तय गरिएका विषय संविधान र संविधानसभा थिए।

The Women's Development Association (डब्ल्यूडीए) सलकपुरले जिल्ला विकास समिति मोरङको सहयोगमा ५ दिने आधारभूत पत्रकारिता तालिम आयोजना गरेको थियो। तालिम कार्यक्रममा प्रत्येक समुदायमा आधारित संस्थाबाट १ जनासहित १४ महिला र ४ पुरुषले भाग लिएका थिए।

यो परियोजना अन्तर्गत संचालित ९ महिने शिक्षा कार्यक्रमको कक्षा पूरा गरी ६९ बालिका र ४७ बालक स्कूल भर्ना भएका छन्।

केचना र पाटामारीका समुदायमा आधारित संस्थाहरूले बचत तथा कर्जा नीति तर्जुमा गरेर ३६ समूहहरूमा लागु गरेका छन्। केचनाको समुदायमा आधारित संस्थाले गाविसबाट रु. ५०,००० पाएपछि कार्यालय भवन निर्माणका लागि एक टुक्रा जमिन किनेको छ। त्यसैगरी, पाटामारीको समुदायमा आधारित संस्थाले कार्यालय भवन निर्माणका लागि रु. १५,००० प्राप्त गरेको छ।

### जुन २००७

डब्ल्यूडीए गरामुनी, डब्ल्यूडीए सलकपुर, सहारा नेपाल, डेप्रोस्क (DEPROSC), एसएडीजी (SADG) र एसआईयूएन (SIUN), लु.वि.फे. नेपालका विकास र प्रकोप व्यवस्थापन समितिहरु (डीएमसी), उपभोक्ता समूहहरू र अन्य स्थानीय गैर-सरकारी संस्थाहरू शरणार्थी आतिथेय समुदायको लागि कार्यक्रमको साझेदार रहेका छन्। उनीहरूले गतिविधिहरूलाई सन्तोषजनकरुपमा कार्यान्वयन गरिरहेका छन्। अनुगमन र सुपरीवेक्षण निरन्तर भइरहेको छ। लु.वि.फे. नेपालको निर्णय अनुसार, डब्ल्यूडीएसँगको साझेदारी जुन ३०, २००७ देखि समाप्त भएको छ र जुलाईदेखि नयाँ योजना ५ समुदायमा आधारित संस्थाहरूसँग तयार पारिएको छ।

झापा र मोरङ जिल्लामा सोभाले (SOVAA) दुई सडक नाटक प्रदर्शन गऱ्यो। सडक नाटकको उद्देश्य एचआईभी तथा एड्स, क्षयरोग, यौन रोग, सरसफाइ तथा पोषणसम्बन्धी सर्वसाधारणलाई सचेत तुल्याउनु रहेको थियो। दुवै नाटक अधिकांशतः असाक्षर सर्वसाधारणको बसोबास रहेका समुदायमा प्रदर्शन गरिएको थियो, जसबाट उनीहरूले आफूलाई यस्ता रोगको संक्रमणबाट जोगाउन सक्नेछन्। झापा र मोरङमा तीनवटा भीडीयो प्रदर्शनी आयोजना गरिएको थियो। प्रदर्शनीको उद्देश्य एचआईभी तथा एड्स, यौन रोगको खतराबारे जानकारी दृश्यमाध्यमबाट प्रवाहित गर्नु थियो। तीन दृश्य सामग्रीहरू “टीकेको तीन मन्त्र”, “त्रिवेणी” र “आशा/स्नेहा”ले एचआईभी तथा एड्सको संक्रमण तथा रोकथाम विधिबारे सामान्य अवधारणा दिएका थिए।

दमक किरात भवनमा आयोजित जिल्ला स्तरीय सम्मेलनमा नेपालका १९ आदिवासी समुदायले भाग लिएका थिए। अन्तरिम विधायिकाका सदस्य मल्ल के. सुन्दर, डा. बालकृष्ण माबुहाङले सम्मेलनको सहजीकरण गरेका थिए। सम्मेलनमा विधानसभा, संविधान र राज्यको पुनर्संरचना, आदिवासी समुदाय र संविधानसभा आदिवारे छलफल भएको थियो। सम्मेलनका ९८ जना सहभागी मध्ये ३० महिला र ६८ पुरुष थिए।

तीन गाविसका सबै समुदायमा आधारित संस्थाहरूले सेन्टर फर माइको फाईनान्स (लघु वीत्त केन्द्र)को सहयोगमा सहकारी संस्था स्थापनासम्बन्धी छलफलका लागि समूहहरूसँग विभिन्न चरणमा परामर्श गरेको थियो। छलफलमा ४९ समूहहरूका १९० महिला र ७५ पुरुष सदस्यले भाग लिएका थिए।

### जुलाई २००७

हेरचाह तथा मर्मत कार्यक्रम राम्रोसँग चलिरहेको छ। तथापि, जुलाईको अन्त्यमा शरणार्थी शिविरहरू, विशेषगरी गोलधाप, भारी वर्षाका कारण प्रभावित भए। गोलधाप शिविरमा ४५ परिवार विस्थापित भएपछि स्कूल र छिमेकीको घरमा बसे। गोलधाप र खुदुनाबारीको शरणार्थी सडक भत्कियो। भारी र निरन्तर वर्षाले झापाका केही गाविसहरूसमेत प्रभावित भए।

यो महिनाको लागि तरकारी, मट्टितेल र ब्रिकेट आपूर्ति गरियो। लु.वि.फे./डीसीए अनुदान अन्तर्गत ३,००० आश्रयहरूको मर्मत भयो र लु.वि.फे.ले छाप्राहरूको मर्मतका लागि केही कालो प्लास्टिक वितरण गऱ्यो। लु.वि.फे.ले भुटनीज रेफ्युजी वीमेन्स फोरमले उत्पादन गरेको चिम्नी १५,०३८ शरणार्थी परिवारहरुलाई वितरण गऱ्यो।

लु.वि.फे. नेपालले डीसीएको सहयोगमा रेफ्युजी होस्ट कम्युनिटी सपोर्ट प्रोग्राम संचालन गर्दै आएको छ। यसले शरणार्थी र शरणार्थी क्षेत्र आसपासका स्थानीय बासिन्दाबीच सद्भावपूर्ण सम्बन्ध विस्तारका लागि ज्यादै ठूलो योगदान गरेको छ। निम्न उल्लेखित कार्यक्रमहरू निरन्तर संचालित छन्।

व्यवसायिक तरकारी खेती एउटा मुख्य कार्यक्रम हो। यस कार्यक्रमको उद्देश्य आतिथेय समुदायका जनतालाई तालिम आयोजनका साथै शरणार्थी-प्रभावित गाविसका सीमान्तीकृत जनतालाई आर्थिक स्थितिमा सुधार र वर्षैभरि तरकारी उपलब्ध गराई ताजा तरकारी उपभोग गरी संकटमा भएको स्वास्थ्य/पोषणस्थितिमा सुधार गर्न सल्लाह/प्राविधिक परामर्श मार्फत् तरकारी खेतीसम्बन्धी अत्याधुनिक विधि र प्रविधि प्रदान गर्नु हो।

लु.वि.फे. नेपालका साझेदार संस्थाहरू सारथी र सोभा समूहहरूले एचआईभी तथा एड्ससम्बन्धी सन्देश प्रवाहित गर्न र सर्वसाधारणलाई एचआईभीको खतराबारे जानकारी दिन र सुरक्षित व्यवहारलाई प्रोत्साहित गर्न अन्तरक्रिया कार्यक्रम आयोजना गरेका थिए।



भुटानी शरणार्थी महिलाहरु मैन बनाउँदै

केचना र पाटामारी गाविसहरुका समुदायमा आधारित संस्थाहरूले आफ्नो विधान संशोधन गरी जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिएका छन्।

लु.वि.फे. नेपालको सहयोगमा ग्रामीण विकास सामुदायिक संस्थाले १४ समूहहरूमा जापानी इन्सेफ्लाइटिसबारे जानकारी गराउन सचेतनता कार्यक्रम आयोजना गऱ्यो।

### अगस्ट २००७

शारीरिक रुपमा कमजोर १२ जना व्यक्तिहरु लुगा रङ्गाउने व्यवसायमा लाग्न सकून् भनेर तीन महिने तालिम कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रम लु.वि.फे. नेपाल र बहिराहरुको मेची संस्थाको सहयोगमा सम्पन्न भयो। सामाजिक रुपमा पाखा लगाइएका व्यक्तिहरुका लागि झोला बनाउने तालिम कार्यक्रमको ढाँचा पनि तयार पारिएको छ। ■

# लु.वि.फे. कलम

## अधिकारमुखी अवधारणा

विकासका लक्ष्यहरू समेत मानव अधिकारका लक्ष्यहरू हुन् । विकासको सन्दर्भमा मानव अधिकारलाई जोड दिंदा त्यसले संरचनागत असमतामा ध्यान केन्द्रित गर्न मद्दत गर्छ, जसले दरिद्रता र असमावेसीकरणलाई निरन्तरता दिंदै आएको छ । मानव अधिकार मापदण्ड र उद्देश्यलाई सचेत रुपमा ध्यान दिंदा गरिबीको आधारभूत कारण र वहिस्करणलाई विकास कार्यक्रम तर्जुमा र कार्यान्वयनमा यथोचित ध्यान दिन सकिन्छ र साँघुरोरुपमा प्राविधिक उद्देश्य बन्न सक्ने विकास गतिविधिको प्रसंगमा ध्यान पुऱ्याउन सम्भव छ । यस अवधारणाले गरीबहरूलाई दानका पात्रकारुपमा हेर्ने खतरालाई समेत कम गर्छ ।

लुथरन वर्ल्ड फेडेरेशन (लु.वि.फे.) को अन्तर्राष्ट्रियरुपमा परिचित मानवीय तथा विकाससम्बन्धी अंग द डिपार्टमेन्ट फर वर्ल्ड सर्भिसको अधिकारमुखी अवधारणा शक्तिशाली तथा शक्तिविहिन दुबैका सम्पूर्ण तहमा अधिकारमुखी अवधारणा अभिवृद्धिमा संलग्न छ ।

वर्ल्ड सर्भिसका राष्ट्रिय कार्यक्रमहरूमध्येको एक लु.वि.फे. नेपालले विस्थापित, वञ्चित र सीमान्तीकृत-हरूको अधिकारकारका लागि उनीहरूद्वारा, उनीहरूसँग र उनीहरूका निम्ति काम गर्छ । यसले वकालतलाई आफ्नो गतिविधिको एक मुख्य क्षेत्र मान्ने भएकोले यसका साझेदारहरूले पनि यसमा संलग्न हुनुपर्छ । आफ्ना अधिकारका लागि वकालत गरिरहेका स्थानीय समुदायका प्रयासलाई सुदृढीकरण गर्नु यसको रणनीतिक लक्ष्य हो ।

स्थानीय साझेदारको आवाजलाई वकालतमा व्यापक सहभागिता सञ्जालमार्फत् र सार्वजनिक नीति वहसलाई प्रभावित तुल्याएर, र विस्थापित र सीमान्तीकृत जनताको मानव अधिकार, शान्ति स्थापना र मेलमिलापका लागि हुने संघर्षलाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा उच्चता दिनु संस्थाका रणनीतिक प्राथमिकता हुन् ।

लु.वि.फे. नेपालले गरिबी निवारणलाई जनताको आम्दानी अभिवृद्धि गर्ने एउटा प्रक्रियाको रुपमा मात्र नहेरी जनताका आधारभूत रोजाइहरूको विस्तार र स्वतन्त्रताको प्रक्रियाको रुपमा लिने गरेको छ । गरिबीलाई सही दृष्टिकोणबाट हेर्नुपर्छ । स्वतन्त्रताको प्रवर्द्धन जनताको क्षमता अभिवृद्धि र अवसरको विस्तारबाट सम्भव छ । वैयक्तिक अधिकार (समाजको व्यवहारअनुसार व्यक्तिले निर्धारण गर्छ) र ऐक्यवद्धता अधिकारलाई (समाजको सामूहिक कार्यमा व्यक्तिले महसूस गरेको पक्ष) गरिबी निवारण नीति र कार्यबाट अलग गर्नु हुँदैन ।

आर्थिक गरिबी तथा मानवीय गरिबीलाई जोड्न सकेको खण्डमा विकास कार्यक्रमले आफ्नो ध्यानलाई सहभागितामा पहुँच, प्रतिनिधित्वदेखि भेदभाव नहुने स्थितिसम्म व्यापक बनाउन सक्छ । गरिबी निवारणको प्राथमिक जिम्मेवारी राष्ट्रिय सरकारमा रहने भएकोले उसको पहल र प्रतिवद्धताविना गरिबीमुक्त जीवनको अधिकारमुखी कार्यक्रम केबल आश्वासनमा सीमित हुन्छ । गरिबी निवारणको अधिकारमुखी अवधारणाको लागि जनताप्रति जवाफदेही र पारदर्शी सरकार अत्यावश्यक हुन्छ । ▪

# प्रकोपजन्य खतरा न्यूनीकरण परियोजनाका उपलब्धिहरू

**अधिकांश गतिविधिहरूलाई अर्को स्थानमा पनि संचालन गर्न सकिने सम्भावना देखियो किनभने ती थोरै खर्चमा संचालन हुन सक्छन् । तर त्यसका लागि सामुदायिक स्वामित्व र सामूहिक पहल आवश्यक हुन्छ ।**

युरोपेली आयोग मानवीय सहायता विभागको सहयोगमा डानचर्चएड (डीसीए) र लु.वि.फे. नेपालले फेब्रुअरी २००६ देखि जुलाई २००७ मा एक परियोजना कार्यान्वयन गरे ।

"केन्द्रीय र पूर्वी नेपालमा प्रकोपजन्य खतरा न्यूनीकरणका लागि सामुदायिक तयारी (सीपीडीआरआर)" नामक परियोजना झापा र रौतहट जिल्ला तथा काठमाडौं उपत्यकाका ५२ संकटग्रस्त समुदायहरूमा कार्यान्वयन गरिएको थियो ।

परियोजनाको उद्देश्य संकटका बेलामा प्रभावकारी सम्बोधन क्षमता अभिवृद्धि र सर्वसाधारणको जीवनस्तर सुधार गरेर समुदायको प्रकोपजन्य संकट घटाउनु थियो ।

केन्द्रीय तथा पूर्वी नेपालमा प्रकोपजन्य खतरा न्यूनीकरणको लागि सामुदायिक तयारी परियोजना जुलाई २००७ को अन्त्यबाट पूरा भएको छ । संस्थाबाहिरका एक मूल्यांकनकर्ता ध्रुवराज गौतमलाई अगस्टको प्रारम्भमा समीक्षा प्रतिवेदन पेश गर्ने गरी लु.वि.फे. नेपालले जिम्मेवारी दिएको थियो ।

## प्रतिवेदनमा उल्लेख मुख्य उपलब्धिहरू

- प्रष्ट भूमिका र जिम्मेवारी सहितका ५२ प्रकोप व्यवस्थापन टोलीहरू (DMTs) र ३६४ कार्य दलहरू (TFs) ले स्थानीय तहमा धेरै सरोकारवालाहरूसँगको समन्वयमा परियोजना कार्यान्वयनको सम्पूर्ण प्रक्रियामा योगदान गरेका थिए । परियोजनाको निरन्तरताका लागि स्थानीय स्रोतको उपयोग र दिगो रणनीतिले प्रकोप तयारीको दिशामा स्थानीय पहलको निम्ति थप अवसर दिएको थियो । भविष्यमा संकटजन्य खतरा न्यूनीकरण र यस्तो खतराको बेला त्यसलाई सामना गर्दा प्रकोप व्यवस्थापन टोलीहरू, कार्य दलहरू, समुदाय तथा सरकार र अरु निकायहरूले तयारी र प्रभावकारी उपायमार्फत् योगदान गर्ने अपेक्षा गरिएको छ ।
- प्रकोप व्यवस्थापनको विभिन्न चरणहरूबारेको बुझाइले प्रकोप व्यवस्थापन टोलीहरूका लागि प्रष्ट योजना निर्माणमा सहयोग पुऱ्याउँछ, जसले उनीहरूको योजनाको प्रभावकारी कार्यान्वयन पहिल्यै शुरु गरिसकेको छ । परियोजनाले विद्यार्थी र शिक्षकलाई प्रकोप तयारीका लागि समाज परिवर्तनका प्रमुख अभियन्ताका रुपमा लिएको छ, र तदनुकूल नै उनीहरूको क्षमता विकास र सुरक्षा योजनाको कार्यान्वयन हुन्छ । भू-कम्प प्रतिरोधी भवन निर्माणसम्बन्धी तालिम प्राप्त डकर्मीहरूलाई यस्ता तालिमका लागि अवसर प्रदान गर्नु एकदमै ठीक हुन्छ ।
- अधिकांश गतिविधिहरूलाई अर्को स्थानमा पनि संचालन गर्न सकिने सम्भावना देखियो किनभने ती थोरै खर्चमा संचालन हुन सक्छन् । तर त्यसका लागि सामुदायिक स्वामित्व र सामूहिक पहल आवश्यक हुन्छ । प्रकोपसम्बन्धी गतिविधिहरूका क्रममा मेलमिलाप र विश्वासमा काम गर्ने स्थान अरु बढेको छ । बाढीका बेलामा जनधनको संरक्षणका लागि संचार र छलफल उपयोगी सावित भएको थियो ।
- क्रियात्मक सम्बन्ध स्थापना र असल व्यवहारहरूको



सन् २००७ को सुदूर पश्चिमस्थित बाढीपीडित उद्धार शिविरको एक झलक

जानकारीले परियोजना कार्यलाई प्रष्ट र अरुलाई सिक्न तथा त्यसलाई पुनः प्रयोग गर्न सहयोग पुऱ्यायो । प्रकोप व्यवस्थापनलाई पन्छाउन चाहने विद्यमान अभ्यासमा परिवर्तन ल्याउने साझा उद्देश्यको निम्ति स्थानीय सरकारले स्रोतमा साझेदारीको थालनी गरेको छ ।

- विभिन्न तालिमका सहभागीबीच ज्ञानको आदानप्रदान प्रष्टरुपमा देखिएको थियो । अर्जुनधारा-४ मा प्राथमिक उपचार कार्य दलकी सदस्य पार्वती भट्टराईले चेतना महिला विकास समूहलाई एउटा सामान्य अभिमुखीकरण तालिम दिएकी थिइन् । भद्रपुर-२, झापाका जनताले खोजी तथा उद्धार कार्यका लागि नयाँ ज्ञान सिक्न सफल भएको र बोतल तथा केराको थामबाट उद्धार उपकरण बनाउने काममा संलग्न भएको जानकारी दिएका छन् । उनीहरू विष भएका र विष नभएका सर्पको टोकाइको भिन्नता पहिचान गर्न र त्यसको उपचारका लागि प्राथमिक उपचार गर्न सक्छन् ।



बाढीग्रस्त पश्चिमी तराई

- शिक्षक र डकर्मीलाई तालिममार्फत् दिइएको भू-कम्पसम्बन्धी तालिम उदाहरणीय रहेको थियो । कुल १५० शिक्षकहरुलाई विद्यालय भू-कम्प तयारीको तालिम दिइएको थियो । तालिम प्राप्त शिक्षकहरूले आफ्ना विद्यार्थीहरुलाई ज्ञान बाँडिरहेका छन् । त्यसैगरी, ७३४ डकर्मी/प्राविधिक र स्वनिर्माताहरुलाई भू-कम्प सुरक्षित निर्माणसम्बन्धी तालिम दिइएको थियो । तालिम प्राप्त डकर्मीहरूले नगरपालिकाहरूमा भू-कम्प सुरक्षित निर्माणको प्रचलनलाई सुदृढ गर्न र सीप तथा सिकाइलाई फैलाउन भू-कम्प प्रतिरोधी भवन निर्माण कामदार समूह गठन गरेका छन् । तालिम प्राप्त डकर्मीहरूले विभिन्न स्थानमा काम गर्ने अवसर प्राप्त गरेका छन् ।
- प्रकोप व्यवस्थापन टोलीहरूले अरु ठाउँमा पनि संचालन गर्न सकिने सानो स्तरका रोकथाम अभ्यासको विकास गरेका छन् । राजदेवी-७ रौतहटमा १३० वटा रुख वृक्षारोपणका साथै बारबेर गरिएको थियो । घैलाडुब्बा-१ को जनजागृति प्रकोप व्यवस्थापन टोलीले १५० विरुवाको व्यवस्थापन गरेको थियो । घैलाडुब्बा-७ र कोहाबहारा-२ मा कल्भर्टको निर्माणले सर्वसाधारणको घुमफिरलाई सहयोग पुऱ्याएको छ ।
- परियोजनाले स्थानीय स्तरमा नीति तथा अभ्यासमा परिवर्तन ल्याएको थियो । झापामा परियोजना कार्यान्वयनबाट सन्तुष्ट भएर जिल्ला विकास समितिले गाउँ विकास समितिहरूबाट आर्जन भएको २५ प्रतिशत राजश्व प्रकोप तयारी गतिविधिका लागि खर्च गर्ने निर्णय गरेको छ ।
- हरियाली प्रवर्द्धन, कृषि-वनको थालनी, सरसफाइ गतिविधिमा सुधार, जलस्रोतको संरक्षण र फोहरमैला व्यवस्थापनको काम सकारात्मक वातावरणीय उपलब्धिहरु थिए ।
- महिला, वृद्ध, दलित र समाजका अन्य सीमान्तीकृत वर्गको परियोजनामा संलग्नता ६८ प्रतिशतभन्दा बढी देखियो; ३९ प्रतिशत महिलाहरू समितिमा रहेका थिए ।

▪▪▪

# समाचार संक्षेप

## संचार माध्यमको परिचालन

दलित कल्याणकारी संघले धेरै वर्षदेखि दलित अधिकारका लागि संघर्ष गर्दै आएको छ । यसले १२ वर्षदेखि राज्य-अधिनस्थ रेडियो नेपालबाट दलित जनजागरण रेडियो कार्यक्रम प्रसारण गर्दै आएको छ ।

४ मे २००७ मा संघले लु.वि.फे. नेपाललाई दलित जनजागरण रेडियो कार्यक्रमलाई निरन्तर सहयोग गरे वापत सम्मानित गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि तात्कालीन भौतिक योजना तथा निर्माण मन्त्री हिसिला यमिले संघको तर्फबाट लु.वि.फे. नेपालका आवासीय प्रतिनिधि मार्सेलिन पी. रोजारियोलाई प्रशंसापत्र प्रदान गर्नुभयो । सम्मान कार्यक्रम शहीद मीना स्वर्णकारको ८ औं स्मृति दिवसका दिन आयोजना गरिएको थियो ।




अधिकारकर्मी तथा सामाजिक कार्यकर्ताहरूले दलित तथा गैर-दलितबीच जागरण अभिवृद्धिका लागि रेडियो कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका थिए । यसले दलित र तिनका मुद्दाहरूलाई एउटा महत्वपूर्ण मञ्च प्रदान गरेको छ ।

लु.वि.फे. नेपालले सहयोग गरेको रेडियो कार्यक्रमले जातिमा आधारित हिंसा, दलित स्कूल भर्ना, छात्रवृत्ति कार्यक्रम र २००६ मा विभिन्न संस्थाहरू र संविधानसभाका लागि दलितका निम्ति गरिएको सिट आरक्षणजस्ता विषयहरुलाई समावेश गरेको थियो ।

## रोजारियो एसिटी आपतकालीन समितिको नयाँ सदस्य



लु.वि.फे. नेपालका राष्ट्रिय प्रतिनिधि मार्सेलिन पी. रोजारियो एसीटी इन्टरनेशनलको एसिया-प्रशान्त क्षेत्रीय आपतकालीन समितिमा निर्वाचित हुनु भएको छ। लु.वि.फे. नेपालका सहकर्मीहरूले आवासीय प्रतिनिधिलाई निर्वाचित हुनुभएकोमा बधाइ दिएका छन् ।

समितिका अन्य सदस्यहरूमा ही वेन, जयन्त अधिकारी, मन डाट योङ र सुशान्त अग्रवाल रहेका छन् ।



एसीटीको अन्तर्राष्ट्रिय सम्मेलन स्वीटजरल्याण्डमा २००७ अप्रिलको अन्तिम सातामा भएको थियो ।

कार्यकारी समिति र आपतकालीन समितिहरू एसीटी इन्टरनेशनलका संचालन निकायहरू हुन् । लु.वि.फे. नेपाल एसीटी इन्टरनेशनलको नेपालमा एकमात्र कार्यान्वयन निकाय हो ।

कमलउद्दिन अकबरले एसीटी कार्यकारी समिति/आपातकालीन समितिका लागि २००३ देखि २००७ सम्म दक्षिण एसियाबाट प्रतिनिधित्व गर्नु भएको थियो । अकबर आरडीआरएस बंगलादेशका कार्यकारी निर्देशक हुनुहुन्छ । उहाँ समितिको सक्रिय सदस्य हुनुहुन्थ्यो ।

एक्सन बाइ चर्चेस् टुगेदर (एसीटी) इन्टरनेशनल आपतकालमा जीवन रक्षा र समुदायलाई सहयोगका लागि क्रियाशील चर्चहरू र सम्बन्धित निकायहरूको विश्वव्यापी गठबन्धन हो ।

एसीटी सदस्यहरू प्रोटेस्टेन्ट र अर्थोडक्स चर्च र तिनका सम्बन्धित निकायका हुन्, जसलाई वर्ल्ड काउन्सिल अफ चर्चेज र द लुथरन वर्ल्ड फेडेरेशनबाट बनाइएको हो ।

एसीटीले प्राकृतिक तथा वातावरणीय प्रकोपका साथसाथै युद्ध तथा नागरिक द्वन्द्वको चपेटामा परेका जनतालाई सहयोग प्रदान गर्छ । एसीटीले अग्रमोर्चा, राष्ट्रिय सीमा र अन्य जातीय, राजनीतिक वा धार्मिक अन्तरका बेलामा कुनै लिङ्ग, राष्ट्रियता, जातीय उत्पत्ति वा राजनीतिक विश्वास जेसुकै भए पनि सहायता पुऱ्याउने प्रयास गर्छ । (थप जानकारीका लागि www.act.intl.org हेर्नुहोस् ।)

## स्थायी समितिको पहिलो बैठक सम्पन्न

नेपाल विकास कार्यक्रमको (नेविका) यो वर्षको पहिलो स्थायी समिति बैठक १४ जुनमा लु.वि.फे. नेपालको काठमाडौं कार्यालयमा सम्पन्न भयो । यो बैठक वर्षमा दुई पटक बस्छ ।

समितिमा सामाज कल्याण परिषद्, राष्ट्रिय दलित आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, अर्थ मन्त्रालय र लु.वि.फे. नेपालका प्रतिनिधिहरू सदस्य रहेका छन् । समाज कल्याण परिषद्का सदस्य सचिव डा. आर.पी. गडतौलाले बैठकको अध्यक्षता गर्नु भएको थियो ।

लु.वि.फे. नेपालको कार्यक्रम योजना तथा अनुगमन समन्वयकर्ता कृष्णबहादुर रावलले लु.वि.फे. नेपालको २००६ को कार्यक्रम र २००७ को योजनाका मुख्य पक्षहरू प्रस्तुत गर्नु भएको थियो । उहाँको प्रस्तुतीकरणपछि छलफल भयो । उहाँले लु.वि.फे. नेपालको नेविका २००६ को प्रगति प्रतिवेदनसमेत प्रस्तुत गर्नु भएको थियो ।

छलफलको क्रममा डा. गडतौलाले एचआईभी/एड्स/एसटीडीका सन्दर्भमा प्रयुक्त "लैंगिक संवेदनशीलता" शब्द हटाउनुपर्ने धारणा राख्नुभयो । उहाँले यस्ता मुद्दामा पुरुष र महिलाको संलग्न हुनुपर्छ र यसलाई लैंगिक मुद्दाका रुपमा मात्र लिनु उचित हुँदैन भन्ने तर्क प्रस्तुत गर्नुभयो ।

राष्ट्रिय दलित आयोगका लक्ष्मीशरण घिमिरेले हलिया मुद्दालाई व्यवहारिक किसिमले समाधान गर्नुपर्ने बताउनुभयो । हलिया प्रथाको उन्मुलनले मात्र महत्वपूर्ण उपलब्धि नहुने उहाँले चर्चा गर्नुभयो । हलियाको स्थिति सुधार गर्न योजना निर्माण र तदनुरुपको काम हुनुपर्ने बताउनुभयो । अहिले उनीहरूले गरेको कामलाई परिवर्तन गर्नुको सट्टामा उनीहरूको प्रयास र कठिन कार्यमा भइरहेको विद्यमान शोषणको अन्त्य गर्नु राम्रो हुने कुरामा उहाँले जोड दिनुभयो ।

डा. गड्तौलाले नेपालमा कुनै एउटा पनि एसटीडी (STD) मुक्त क्षेत्र नभएको हुनाले लु.वि.फे. नेपालले कार्य क्षेत्र चयन गर्दा एचआईभी तथा एड्सको मुद्दा कहाँ छ भनी स्थानीय स्तरमा मात्र हेर्न नहुने बताउनुभयो । त्यसकारण, कार्यक्रम राष्ट्रिय हुनुपर्छ । उहाँले लु.वि.फे. नेपाल कार्यक्रम बढी ग्रामीण क्षेत्रमा संचालन गर्नुपर्ने सुझाव समेत दिनुभयो ।

समिति सदस्यहरूले विभिन्न सुझावहरू यस प्रकार अघि सारेका थिए । लु.वि.फे. नेपालले राष्ट्रिय योजना आयोगद्वारा अघि सारिएका राष्ट्रिय प्राथमिकतालाई नै प्राथमिकता दिनुपर्छ । कुनै कार्यक्रमको मूल्यांकन/अनुगमन गर्दा सामाजिक लेखापरीक्षण विधिलाई अवलम्बन गर्नुपर्छ । कार्यक्रम कार्यान्वनका लागि कुनै गाविसको चयन गर्दा समाज कल्याण परिषद्, सम्बन्धित मन्त्रालय र जिल्ला विकास समितिका प्रतिनिधिलाई समावेश गर्नुपर्छ । दलित समूहहरूसँग कार्य गर्दा मानवीय स्रोतको प्रतिस्पर्धात्मक क्षमतालाई समेत ध्यान दिनुपर्छ । दलित समुदायबाट मात्र गठन भएको गैर-सरकारी संस्थालाई मात्र साझेदार संगठनका रुपमा छनौट गर्नु हुँदैन । तथापि, दलितलाई बढ्ता जोड दिनु पर्छ र उनीहरूका मानिसहरूलाई सक्षम बनाउनुपर्छ ता कि उनीहरूले विभिन्न जिम्मेवारी लिन सकून् ।

मार्सेलिन पी. रोजारियोले लु.वि.फे. नेपालको रणनीति २००८-१३ को संक्षेपीकरण उक्त बैठकमा प्रस्तुत गर्नुभयो ।



उहाँले लु.वि.फे. नेपालको रणनीतिक योजना प्रक्रिया, पृष्ठभूमि, विकास कार्यक्रमको निरन्तरताका तुलनात्मक लाभ तथा पुष्ट्याईका बारेमा समेत चर्चा गर्नुभयो । उहाँले लु.वि.फे. नेपालको दृष्टिकोण, अभियान, मूल्य तथा प्राथमिकता, लक्षित समूह, संचालन विधि, रणनीतिक दृष्टिकोण तथा विभिन्न विषय, कार्यक्रम प्राथमिकता र संगठनात्मक रणनीतिबारे समेत जानकारी गराउनु भएको थियो । उहाँले संस्थागत जोखिमहरुको सामान्य प्रक्षेपण र लु.वि.फे. नेपालभित्रको स्रोतबारे समेत जानकारी दिनु भयो ।

## साझेदारको समयावधि पूरा, नयाँको स्वागत

| सुदूर र मध्ये पश्चिम नेपालमा समयावधि पूरा भएका साझेदारहरू | २००७ देखि लागु |
|---|---|
| Conscious Society for Social Development, Kailali (सामाजिक विकासका लागि सचेत समाज, कैलाली) | जुन अन्तिम |
| Nepal National Dalit Social Welfare Organisation, Kailali (नेपाल राष्ट्रिय दलित सामाजिक कल्याण संस्था, कैलाली) | जुन अन्तिम |
| Sahakarmi Samaj, Banke (सहकर्मी समाज, बाँके) | १५ जुलाई |
| Youths in Empowerment Sector Nepal, Kailali (सशक्तीकरण क्षेत्रमा युवा नेपाल, कैलाली) | जुन अन्तिम |

**नयाँ साझेदारहरू**

उपेक्षित समुदाय सशक्तीकरण तथा विकास मञ्च, डोटी
समुदायमा आधारित संस्था विकास केन्द्र, कैलाली
दिगो विकास समाज, कैलाली
जन एकता समाज, बाँके
जन जागरण समाज, बाँके
त्रिवेणी विकास समाज, बाँके
राष्ट्रिय हलिया मुक्ति समाज

| सुदूर पश्चिम नेपालमा समयावधि पूरा भएका साझेदारहरू | देखि लागु |
|---|---|
| महिला विकास संघ, सलकपुर | जुन अन्तिम |
| महिला विकास संघ, गरामुनी | जुन अन्तिम |

**नयाँ साझेदारहरू**

समुदायमा आधारित संस्था (सीबीओ) केरौं
सीबीओ यांसिला
सीबीओ पाटामारी
सीबीओ पथरिया
सीबीओ केचना
Santhal Indigenous Upliftment Association of Nepal, Surunga (सन्थाल जनजाति उत्थान संघ नेपाल, सुरुङ्गा)

# लेख/रचना



## खराब वर्षा अझै थामिएको छैन

**सगुनीदेवी वी.क.**

(लु.वि.फे. नेपालका परियोजना प्रबन्धक गोपाल दाहाललाई १८ अगस्ट २००७ मा बताएअनुसार । दाहालले सुदूर पश्चिमाञ्चलका केही गाउँहरूको भ्रमण गर्नु भएको थियो । सगुनीदेवी एसीटी/लु.वि.फे. नेपालद्वारा हालै खाद्य सहायता प्राप्त गर्ने ३५० परिवारमध्ये एक हुन् ।)

**भजनी, कैलाली:** मैले यस्तो भयानक बाढी दुई दशक यता र त्यो भन्दा पहिले कहिल्यै देखेकी थिइँन । मेरो पतिको धेरै वर्षअघि निधन भयो । म ४५ वर्षकी भएँ र ६ वर्षको भदैसँग बस्छु ।

हाम्रो क्षेत्रमा वर्षाको मौसम अझै सकिएको छैन । हालैको भीषण वर्षा त सुरुवातमात्र हो । अरु वर्षा हुनै बाँकी छ । यसको अर्थ हाम्रो लागि बढी पीडा र कठिनाइ हुनु हो ।

कनारा, मोहना, कदाहा र पथरिया नदीहरूमा बढेको पानीले हाम्रो गाउँमा डुबान शुरु भयो । पानीको सतह बढ्दै गयो र राति ११ बजेसम्ममा हाम्रो काँधसम्म आइपुग्यो, त्यसपछि हामीले रात बिताउन नजिकैको अग्लो ठाउँमा जानका लागि घर छोड्यौं । भोलिपल्ट हामी आश्रय लिनका लागि डुंगाबाट भजनी स्कूल पुग्यौं । त्यसपछि हामी भजनीमा बस्दै आएका छौं ।

अलि अग्लो ठाउँमा भण्डार गरेको केही अन्न, लुगा र भाँडाकुँडाबाहेक सबैथोक बगायो । हाम्रो गाउँमा हामी १८ घर थियौं । बाढीले कुखुरा र भेंडाजस्ता हाम्रा पशुहरूलाई बगाएर लग्यो । बाढीबाट बाँचेका पशुहरू चिसोले गर्दा अहिले बिरामी परेका छन् । भर्खरै रोपाईं सकेको खेतको धान बालुवाले पुरेको छ । केही गाउँलेहरूका जमिन पानीमुनि छ । १८ घरले प्रयोग गर्ने धारा समेत बगायो । चार वटा घर भत्किएका छन्; बाँकी रहेकाहरूको अवस्था ठीक छैन । तिनीहरू कुनै पनि बेला भत्किन सक्छन् ।

मैले पनि धेरै नोक्सानी व्यहोर्नु पर्‍यो । मेरो ०.५ बिघामा फैलिएको धान खेत समेत बालुवाले पुरेको छ । मैले हिउँदे बालीका लागि राखेको बीउ समेत खानुपर्ने बाध्यता सिर्जना भएको छ । जीविकाका लागि मैले भारतमा गएर मजदुरी गर्ने बाहेक कुनै विकल्प देखेकी छैन । यहाँ दिनभरिको श्रमको ज्याला रु. ८० छ । यो पर्याप्त छैन । यस्तो आम्दानीबाट कसरी बाँच्न सकिन्छ ? ■

(लु.वि.फे. नेपाल फिचर सेवा)

## राहत शिविरको जिन्दगी : साँच्चै अस्थायी

**गोपाल दाहाल**

**कैलाली, १८ अगस्ट:** धनसरा ढुंगाना गत जुलाईमा बाढीबाट विस्थापित भएपछि भजनी गाउँ विकास समिमि-३ स्थित अस्थायी शिविरमा बस्दै आएकी छिन् । उनी भजनी कृष्णनगरकी बासिन्दा हुन् ।



खाडा नदीको बाढीले घर डुबानमा पारेपछि उनको परिवार सुरक्षित स्थानमा बस्नका निम्ति घर छोड्न बाध्य भयो । उनीहरूले असुरक्षित महसुस गरेपछि सुरक्षित चौरको खोजीमा घर छाडे । उनीहरूले अस्थायी शिविरमा आश्रय लिए, जुन आफैं खतरनाक स्थितिमा छ । उनका बाबु, आमा, बहिनी र भाइहरू छाप्रोमा गुजुमुज्ज भएर बसेका छन् । छाप्रोले उनीहरूलाई पानी र हावाबाट समेत जोगाउन सक्दैन ।

"हाम्रो गाउँमा पानीको सतह बढ्दै गएको देखेपछि हामी सुरक्षित स्थानतर्फ लाग्यौं । मेरा आमाबुवाले भाइलाई बोक्नुभयो । यो ठाउँमा आइपुग्न हामीलाई डुंगाबाट तीन घण्टा लाग्यो । हामीले हाम्रो घरबाट केही पनि ल्याउन पाएनौं । खाद्यान्न, लुगा र भाडाकुँडा त्यतिकै अलपत्र छन्", उनी निराश भएर भन्छिन् ।

धनसरालाई आफ्नो उमेर थाहा छैन । उनी दश वर्षकी जस्ती देखिन्छिन् । उनीसँगै छाप्रोमा रहेका उनका भाइ ३ वर्षका भए । उनी खाली भाडासँग खेल्दै छन् । उनका दुबै गोडामा पोलियोको असर छ ।

शिविरमा खाद्यान्नको अत्यन्तै अभाव छ । एसीटी/लु.वि.फे. नेपाल र अन्य मानवीय निकायहरूले उनीहरूलाई केही दिनका लागि पुग्नेमात्र खाद्यान्न आपूर्ति गरेका छन् ।

लु.वि.फे. नेपालले एसीटी इन्टरनेशनलको सहयोगमा सुदूर पश्चिम नेपालको कैलालीका ३५० परिवारलाई खाद्यान्न वितरण गरेको छ ।

राहत प्रदान गर्ने निकायहरू यहाँबाट फर्किसकेपछि उनीहरूको स्थिति के होला ? बाढी पीडितहरूका निम्ति आवश्यक लुगा छैनन् भने बिछ्यौनाको कुरा त परै जाओस् । बालबालिकाहरूले दिनमा चार वा पाँच पटक खानु पर्ने भए पनि सादा च्यूरा र भातमा निर्भर हुनु परेको छ, त्यो पनि दिनमा दुई छाकमात्र । उनीहरूको भलाइ र स्वास्थ्य स्थितिलाई सहजै अनुमान गर्न सकिन्छ ।

यो ढुंगाना परिवारको मात्र कथा होइन । भजनी-३ को अस्थायी शिविरमा बसोबास गर्दै आएका कुल ३५० परिवार र सबै उमेरका व्यक्तिहरू यही अवस्थामा छन् । ■

(लु.वि.फे. नेपाल फिचर सेवा)

# नयाँ प्रकाशन

लु.वि.फे. नेपालको राष्ट्रिय रणनीति (२००८-२०१३) पुस्तिकाको रुपमा उपलब्ध छ । यसको विद्युतीय कपी http://www.azeecon-lwf.org/lwf/Publications/publications.html मा पाइन्छ । कार्यकारी संक्षेप र पूर्ण पाठ पुस्तिकामा प्रकाशित छन् । कार्यकारी समीक्षालाई नेपालमा अनुवाद गरी समुदायमा आधारित संस्थाहरू र सरोकारवालाहरूलाई छिट्टै वितरण गरिनेछ ।




लु.वि.फे. नेपालको वार्षिक प्रकाशन, वार्षिक प्रतिवेदन २००६ ले लु.वि.फे. नेपालले विभिन्न परियोजना र कार्यक्रमहरुले सामना गरेका चुनौतीहरु र उपलब्धिहरूलाई समेटेको छ । तस्विरहरूले संगठनले गत वर्ष गरेका गतिविधिहरूलाई पुनर्ताजगी गराएका छन् । यसमा लाभान्वितका रोचक र प्रेरक समाचार कथाहरू समेत समावेश गरिएको छ । यो वर्षको प्रारम्भमा प्रकाशित उक्त प्रतिवेदन http://www.azeecon-lwf.org/lwf/Annual_Report_2006/AR_2006.pdf मा हेर्न सकिन्छ ।

वार्षिक प्रतिवेदन २००६




हाम्रो मूल्यवान स्रोत बचाउन हामीले अंग्रेजीमा ई-न्यूजलेटर तयार गरेका छौं । यसै गरी समुदाय र सरोकारवालाहरूकहाँ पुग्नको लागि नेपालीमा न्यूजलेटर प्रकाशन गर्ने भएका छौं । नेपाली न्यूजलेटरको पहिलो अंक मे २००७ मा प्रकाशित भएको थियो । सन् २००७ को अन्तसम्म तीनवटा नेपाली न्यूजलेटर प्रकाशित हुनेछन् । न्यूजलेटरको प्रकाशन धेरै वर्षको अन्तरालपछि शुरु भएको छ । हालसम्म तीनवटा अंग्रजी न्यूजलेटर तयार पारिएका छन् । चौथो अंक डिसेम्बरमा निक्लने छ ।

■■■

# कालिकोट वृत्तचित्र




खडेरी तथा असिना पीडितका लागि मानवीय सहायता शीर्षकको १८ मिनेट लामो भीडीयो डकुमेन्ट्री (वृत्तचित्र) लु.वि.फे. नेपालको कार्यालयमा सार्वजनिक गरियो । अंग्रेजी भाषाको उक्त डकुमेन्ट्री लु.वि.फे. नेपाल र ओम क्रियशनले तयार पारेका हुन् ।

अप्रिल २००६ मा नेपालको सबैभन्दा दुर्गम क्षेत्र कर्णाली अञ्चलमा व्यापक वर्षा र असिना आएको थियो । यस क्षेत्रको समुदायमा यसले धेरै क्षति पुऱ्याएको थियो । खाद्यान्न र फलफूल पूरै नष्ट भयो । सर्वसाधारणले आफ्ना पशु, भाडाकुँडा र गहनासमेत खाद्यान्न किन्नका लागि बेचेका थिए ।

मानवीय संकटलाई ध्यानमा राखेर लु.वि.फे. नेपालले एसीटी इन्टरनेशनलको सहयोगमा कालिकोटका जनतालाई मानवीय सहायता प्रदान गरेको थियो ।

कालिकोटको दुर्गमपन, संचार सुविधा र सडकको अभाव जस्ता चुनौतीहरुलाई सामना गर्दै दुई महिनाको अवधिमा राहतलाई प्रभावकारीरुपमा वितरण गरिएको थियो । यस प्रक्रियामा जनताले आफ्नो अधिकारमा कसरी पहुँच कायम गर्ने भन्ने थाहा पाएका थिए । कार्यान्वयनकर्ताहरुलाई आफ्नो अभियान र दृष्टिकोणलाई व्यवहारमा ल्याउन एउटा महत्वपूर्ण मौका मिलेको थियो । ■



लुथरन विश्व फेडेरेशन नेपाल
चुनदेवी मार्ग-४, महाराजगंज, काठमाडौं पोष्ट बक्स: ३३३०, घर नं. २१७
टेलिफोन: ९७७-१-४७२०१५२, ४७२१२७१ फ्याक्स: ९७७-१-४७२०२२५
ईमेल : mail@lwf.org.np
वेबसाइट : www.lwfnepal.org
©LWF Nepal